नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
बबरमहल, काठमाडौं

फोन नं. : ५३४७९१२
५३४३९३९

पत्र संख्या: २०८२/०८३
च.नं. :

## वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको अत्यन्त जरुरी सूचना !

मिति २०८२ भदौ २३ र २४ गते भएको आन्दोलन र त्यसबाट सिर्जित विषम परिस्थिति क्रमशः सामान्यीकरण हुदै गएको छ। यस परिस्थितिमा सहज आपूर्ति व्यवस्था कायम गर्दै दैनिक उपभोग्य वस्तु तथा सेवाहरू सहज रूपमा उपलब्ध गराउँदै उपभोक्ता हित संरक्षणका लागि देहाय बमोजिम गर्न/गराउनु हुन सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्दछौं।

माग, आपूर्ति र मूल्यमा प्रतिकूल प्रभाव पार्ने गरी वस्तु सञ्चित नगर्न/नगराउन उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, संचयकर्ता, बिक्रेता लगायत सम्पूर्ण निजीक्षेत्रमा अनुरोध गर्दछौं।

बजारमा दैनिक अत्यावश्यक उपभोग्य वस्तुहरूको अभाव नभएकोले आवश्यकता भन्दा बढी खरीद तथा सञ्चय नगर्न/नगराउनुहुन आम उपभोक्तामा अनुरोध गर्दछौं।

उल्लिखित कार्यमा आवश्यक सहयोग र सहजीकरणका लागि उपभोक्ता हकहितका क्षेत्रमा क्रियाशील संघ, संस्था र सञ्चारक्षेत्र लगायत सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्दछौं।

मितिः २०८२।०५।२९
ने.सं. ११४५. जलागा